
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार १९ गते मंगलबार ❑ 4 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## विपद् र शान्ति सुरक्षाका सवालमा प्रदेश सरकार सँधै सँगै छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जनतालाई शान्ति सुरक्षाको प्रत्याभुति गराउने र बिपद् जोखिम न्यूनिकरणका सवालमा प्रदेश सरकार सँधै सँगै रहेको बताएका छन् ।

'विपद् ब्यवस्थापन, जोखिम न्यूनिकरणमा हामी सबैको पहिलो प्राथमिकता हुनुपर्छ' गण्डकी प्रदेशका सबै जिल्ला सुरक्षा समितिका पदाधिकारीलाई निर्देशन दिँदै उनले भने 'हाम्रो साधन स्रोतले भ्याए सम्म प्रदेश सरकार सँगै छ, रहन्छ ।' मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा सोमवार पोखरामा आयोजित प्रदेश शान्ति सुरक्षा र विपद् जोखिम न्यूनीकरण रणनीति सहितको गुरुयोजना निर्माण सम्बन्धी गोष्ठीमा उनले सो कुरा बताएका हुन् । 'तपाईहरु उच्च मनोबल राखेर काम गर्नुहोस्' सुरक्षा समितिका सदस्यहरुलाई उनले भने । भौगोलिक बिकटताका कारण शान्ति सुरक्षा कायम गर्न र



बिपद् जोखिमक न्यूनिकरण, राहत, उद्धार, पुर्नस्थापना जस्ता काममा समस्या भोग्नु परेको मुख्यमन्त्री पाण्डेले बताए । बिपद् जोखिम न्यूनिकरण गर्न प्रदेश सरकारले १० करोडको विपद् कोष बनाएको बताउँदै उनले जिल्ला तहमा पनि प्रदेशले १०/१० लाख नघट्ने गरि विपद् कोषमा रकम पठाएको बताए । 'विपद्का सवालमा प्रदेश सरकार गम्भिर छ, हामीले बिभिन्न सुरक्षा निकायलाई बिपद्का बेला प्रयोग हुने सामग्री खरिद गरेर पनि सहयोग गर्दै आएका छौं ।' सुरक्षा निकाय प्रदेश मातहत हुँदा यस्ता काममा अझै सहज हुने बताउँदै उनले अहिले पनि सहयोग र सहकार्यबाट काम भईरहेको बताए। सुरक्षाकर्मीको साधन, स्रोत, क्षमता बिकासकालागि प्रदेश सरकारले सक्दो सहयोग गर्ने मुख्यमन्त्री पाण्डेले बताए ।

शान्ति सुरक्षाको अनुभुती हुने गरि नागरिकको सेवा गर्नु राष्ट्रसेवक सबैको कर्तब्य भएको मुख्यमन्त्री पाण्डेले बताए । पोखरा लगायत पर्यटकीय शहर हरुमा रात्रीकालीन ब्यवशायलाई सहज रुपमा संचालन हुन दिनुपर्ने बताउँदै उनले २४ सै घण्टा खोल्ने बतावरण बनाउन सुरक्षा समितिलाई सुझाब दिए । 'शान्ति सुरक्षा कमजोर हुन्छ कि भनेर १० बजे नै होटल, रेष्टुरेन्ट बन्द गराउने होईन' मुख्यमन्त्री पाण्डेले भने 'ब्यवशायीले चाहान्छन् भने पर्यटकीय ठाउँका होटल, रेष्टुरेन्ट निश्चित मापदण्ड बनाएर २४ सै घण्टा खोल्न दिनुपर्छ, शान्ति सुरक्षा हाम्रो दायित्व हो ।'

गोष्ठीमा सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीले शान्ति सुरक्षाको अवस्था, चुनौती, बिपद् को जोखिम, प्रदेश सरकारसँगको अपेक्षा लगायतका बारेमा जानकारी गराएका थिए । गण्डकी प्रदेशका प्रमुख सचिव रबिलाल पन्थको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धानका प्रदेश स्थित प्रमुखहरुले समेत धारणा राखेका थिए । गोष्ठीमा भएको छलफल र आएका सुझाबलाई केन्द्रित गरेर प्रदेश शान्ति सुरक्षा र विपद् जोखिम न्यूनीकरण रणनीति सहितको गुरुयोजना निर्माण गरिने सचिव बद्रीनाथ अधिकारीले बताए ।

## 'बजेटले सत्तापक्ष र विपक्षीबीच लक्ष्मणरेखा कोर्‍यो'

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

नेकपा (एमाले) गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले प्रदेश सरकारले ल्याएको बजेट सत्तापक्ष र विपक्षीबीच लक्ष्मणरेखा कोर्ने खालको भएको बताउनुभएको छ ।

प्रदेशसभामा जारी आगामी आव ०८०/०८१ का लागि विनियोजित बजेटको मन्त्रालयगत छलफलमा भाग लिँदै उहाँले बजेट निर्माणमा प्रतिपक्षी दलप्रति राजनीतिक पूर्वाग्रह साँधिएको टिप्पणी गर्नुभयो । "बजेटमा सत्तापक्षको एकाधिकार झल्किएको छ, योजनाको छनोट र बजेट विनीयोजनका हिसाबले यो आग्रही छ, असन्तुलित छ", उहाँले भन्नुभयो, "आवश्यकताका आधारमा होइन, पहुँचका आधारमा बजेट आएको छ ।" मन्त्रीहरूले आफू निकटका प्रदेशसभा सदस्य र कार्यकर्तालाई मनोमानी ढङ्गले बजेट बाँडेको उहाँले आरोप लगाउनुभयो । "पालिकाको अध्यक्षले माग गरेको योजना परेको छैन, तर कार्यकर्ताको खल्तीबाट आउको योजना जस्ताको तस्तै परेको छ", नेपालीले प्रश्न गर्नुभयो, "योजना छनोटको मापदण्ड के हो ?" उहाँले लक्ष्यहीन बजेटको कुनै परिणाम नदिने धारणा राख्नुभयो । विगतका सरकारले टुक्रे योजनामा बजेट बाँडेको आरोप लाग्ने गरे पनि अहिलेको सरकार पनि त्यसबाट अछुतो रहन नसकेको उहाँको भनाइ थियो । भौगोलिक हिसाबले पनि बजेटको वितरण असन्तुलित रहेको नेपालीले बताउनुभयो । सत्तापक्षका प्रदेशसभा सभा सदस्य र कार्यकर्तालाई खुसी पार्ने हेतुले आएको बजेटबाट समग्र प्रदेशको आवश्यकता र चुनौतीको सम्बोधन नहुने उहाँले उल्लेख गर्नुभयो । प्रदेशसभा सदस्य बिन्दु पौडेलले पूर्वाधार विकास कार्यक्रममा नवलपुर जिल्लालाई विभेद गरिएको बताउनुभयो । उहाँले पूर्वाधार मन्त्रालयले पनि टुक्रे योजनामा बजेट बाँडफाँट गरेको उल्लेख गर्नुभयो ।

प्रदेशसभा सदस्य कुसुम बुढाले भौगोलिक अवस्थिति, जनसाङ्ख्यिक स्थिति आदिका आधारमा समानुपातिक तबरले बजेट विनियोजन भएको बताउनुभयो । प्रदेशसभा सदस्य महेश भट्टराईले पूर्वाधार क्षेत्रलक्षित बजेटले प्रदेशको विकासलाई गति दिने धारणा राख्नुभयो । सडक, पुललगायत योजनाले जनअपेक्षा पूरा हुने विश्वास व्यक्त गर्नुभयो । प्रदेशसभा सदस्य कृष्णप्रसाद पाठकले पहुँच पुग्नेको मात्र योजना छनोटमा परेको बताउनुभयो ।

बजेटमा स्रोत स्पष्ट नभएको उहाँको भनाइ थियो । प्रदेशसभा सदस्य सुधिरकुमार पौडेल, रोशनबहादुर गाहा थापालगायतले छलफलमा भाग लिनुभएको थियो । प्रदेशसभाको अर्को बैठक सोमबार बिहान ११ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ ।

## एसइई २०७९ को नतिजा गत वर्षको व्यवस्थाअनुसार नै सार्वजनिक गर्ने निर्णय

**रासस**
काठमाडौं, १८ असार

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) २०७९ को नतिजा गत वर्षको व्यवस्थाअनुसार नै सार्वजनिक गर्ने निर्णय गरेको छ ।

सोमबारबसेकोबोर्डकोबैठकले यसअघिकै व्यवस्थाअनुसार नतिजा सार्वजनिक गर्ने निर्णय गरेको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष पुरानै पाठ्यक्रअनुसार परीक्षा सञ्चालन भएकाले नतिजा पनि पुरानै व्यवस्थाअनुसार सार्वजनिक गरिने छ । नयाँ निर्देशिका, २०७८ अनुसार सैद्धान्तिक विषयमा विद्यार्थीले अनिवार्य ३५ प्रतिशत अङ्क ल्याउनुपर्ने व्यवस्था छ । नयाँ पद्धतिअनुसार सबै विषयमा ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउनेलाई 'नन ग्रेडेड' मा राख्ने व्यवस्था छ ।

कक्षा १२ मा भने लेटर ग्रेडिङ निर्देशिका-२०७८ कार्यान्वयन भइसकेको भन्दै उहाँले अर्को वर्षदेखि एसइईमा पनि नयाँ व्यवस्था लागू हुने बताउनुभयो । उहाँले भन्नुभयो, "कक्षा १२ मा लेटर ग्रेडिङ निर्देशिका-२०७८ कार्यान्वयन भइसकेको छ, अब एसइईमा पनि नयाँ पाठ् यक्रम आउँछ, सोहीअनुसार नयाँ व्यवस्था लागू हुन्छ ।"

एसइईको नतिजा सकभर बिहीबार सार्वजनिक गर्ने योजना भए पनि प्राविधिक कारण नतिजा प्रकाशन हुन नसके शुक्रबार नतिजा सार्वजनिक गर्ने तयारी रहेकोसमेत शर्माले जानकारी दिनुभयो । विद्यार्थीले प्राप्त गरेको नतिजा रुजु र प्रविष्ट गर्ने अन्तिम काम भइरहेको बोर्डले जनाएको छ । गत चैत १७ गतेदेखि सञ्चालित परीक्षामा देशभरका चार लाख ८५ हजार तीन सय ९६ जना विद्यार्थी सहभागी भएका थिए ।

## दीगो पर्यटन विकासले मात्र व्यवसायीलाई राहत मिल्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पर्यटकीय 'हब'का रूपमा परिचित पोखरामा विदेशी पर्यटकको संख्या वृद्धि गर्न पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान भर्न यहाँका पर्यटन व्यवसायीले माग गरेका छन् ।

सञ्चालनमा आएको पाँच महिना बितिसक्दा पनि अन्तर्राष्ट्रिय उडान सञ्चालनमा आउन नसक्नु दुःखद् पक्ष भएको पर्यटन सम्बद्ध संस्थाद्वारा पोखरामा आयोजित अन्तरक्रियामा बताइएको छ । नेपालको तीनै तहको सरकारद्वारा भारत र चीन सरकारसँग समन्वय गरी त्यहाँका विभिन्न सहरबाट अन्तर्राष्ट्रिय उडानबाट पोखरा भ्रमणका लागि आउने वातावरण बनाउनु पर्नेमा व्यवसायीको जोड छ। पर्यटन परिषद् पोखराका अध्यक्ष पोमनारायण श्रेष्ठले गण्डकी प्रदेशमा दीगो पर्यटन विकासका लागि सरकार र पर्यटन व्यवसायी सहकार्य गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । विभिन्न एयरलाइन्सहरूसँग छलफल र समन्वय गरी पोखरामा अन्तर ाष्ट्रिय उडानलाई सञ्चालनमा ल्याउन आवश्यक भएको उहाँले औंल्याउनुभयो । भारत र चीनबाट प्रतिदिन एउटा उडान पोखरामा भर्न सकियो भने पनि पोखराका पर्यटन व्यवसायीले राहत पाउने उहाँको भनाइ छ ।

ट्रेकिङ एशोसियशन अफ नेपाल गण्डकीका अध्यक्ष धर्म

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरा महानगरपालिकाका साविक लेखनाथका वडाध्यक्ष एकठाँउमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पोखरा महानगरपालिका वडा नं. २६ देखी ३३ का वडाध्यक्षहरुले यस क्षेत्रको जग्गाको मुल्यांकन नबढाउने सहमति गरेका छन् ।

वडा नं. २६ को कार्यालयमा सोमबार भेला भएका वडाध्यक्षहरुले मालपोत कार्यालय लेखनाथले आगामी आर्थिक बर्ष २०८०/०८१ का लागि प्रस्ताव गरेको जग्गाको मुल्यांकन यथावत राख्ने सहमति गरेका हुन। मालपोत कार्यालय लेखनाथका प्रमुख नारायण ढकालले आर्थिक बर्ष २०८०/०८१ का लागि लेखनाथ क्षेत्रका जग्गाहरुको बर्गिकरण र मुल्यांकनका बिषयमा धारणा राखेपछि वडाध्यक्षहरुले जनतालाई मर्का पर्ने गरी मुल्यांकनमा संसोधन गर्न नहुने सुझाव दिएका थिए । यता पोखरा महानगरपालिकाको १३ औं नगरसभाले पनि सम्पत्ति तथा मालपोत कर प्रयोजनका लागि चालु आर्थिक बर्षको तुलनामा



रोपनीमा ठाँउहेरी केही बढाएर प्रस्ताव गरेको थियो । महानगरले मालपोतकै मुल्यांकनलाई सम्पत्तिकर र मालपोतकरका लागि आधार बनाउँदै आएको छ । लेखनाथ क्षेत्रका पोखरा महानगरकावडाध्यक्षहरुलेजग्गाको मुल्यांकन नवढाउने सहमति गरेपछि महानगरलाई भने दवाव सिर्जना हुने भएको छ ।

मालपोत कार्यालय लेखनाथले जग्गाको मुल्यांकनको बिषयमा वडाध्यक्षहरुसँग छलफल गर्नेगरी संयोजन गरिदिन आग्रह गरेकाले वडा नं. २६ मा सवै वडाध्यक्षहरु भेला भएको अध्यक्ष नरेन्द्र थापाले बताए । वडाध्यक्ष थापाले बैठक मालपोतकै मुल्यांकनमा केन्द्रित रहेको उल्लेख गर्दै, चालु आर्थिक बर्षको बिकास निर्माण लगायतका कामका बिषयमा पनि सामान्य छलफल र समिक्षा भएको बताए । अध्यक्ष थापाले भने–"चालु आर्थिक बर्षको बिकास निर्माणमा वडाहरुले गरेका अभ्यास्, कामको गुणस्तर लगायतका बिषयमा अनुभव आदान प्रदान भयो ।"

यस्तै बहानामा सवै अध्यक्षहरु जुट्दा कामको सिकाई, अनुभव र अभ्यास गर्दा राम्रै हुने रहेछ, वडा नं. ३० का अध्यक्ष दुर्गा प्रसाद सुवेदीले भने–"लेखनाथ क्षेत्रको चिन्तन हुनु स्वभाविक हो ।"

मालपोत कार्यालय लेखनाथका कार्यालय प्रमुख नारायण ढकालले जनप्रतिनिधिहरुको चाहना अनुसारनै मुल्यांकन र बर्गिकरण गरिने भएकाले बर्षको एकचोटी पुनमुल्यांकनका लागि छलफल गरिदै आएको बताए ।

छलफलमा वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापा, वडा नं २७ का पूर्णकुमार गुरुङ्ग, वडा नं. २९ का अध्यक्ष श्रीप्रसाद गुरुङ्ग, वडा नं. ३० का अध्यक्ष दुर्गाप्रसाद सुवेदी, वडा नं. ३१ का अध्यक्ष ढकनाथ कंडेल, वडा नं. ३२ का अध्यक्ष अक्कल बहादुर कार्की, वडा नं. ३३ का अध्यक्ष रामचन्द्र अधिकारीको सहभागिता रहेको थियो भने वडा नं. २८ का वडाध्यक्ष अनुपस्थित भएका थिए । वडा नं. २८ का अध्यक्ष श्रीकृष्ण लामिछानेले आफु काम बिशेषले वडामा व्यस्त हुनु परेकाले भेलामा सहभागि हुन नसकेको उल्लेख गर्दै, जनतालाई मर्का पर्ने गरी जग्गाको मुल्यांकन टुंग्याउन आग्रह गरेको बताए ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'पूर्वाधार र यातायातमा महशुस हुने गरि सुधार हुन्छ'-मन्त्री जुग्जाली

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जालीले पूर्वाधार आयोजना कार्यान्वयन र यातायात कार्यालयबाट प्रवाह हुने सेवालाई नागरिकले महशुस गर्ने गरि सुधार गर्न लागिपरेको बताउनुभएको छ । प्रदेशसभाको चालु बैठकको शून्य समयमा सांसदहरुले उठाएका प्रश्न र जिज्ञाशाको सोमबारको प्रदेशसभामा जवाफ दिने क्रममा मन्त्री जुग्जालीले संघ सरकार मार्फत सञ्चालित आयोजनाहरुमा देखिएका समस्या समाधानका लागि पनि प्रदेश सरकारले पहल र समन्वय गरेको जानकारी गराउनुभयो ।



यातायातको राजस्व घरबाटै बुझाउन मिल्ने गरि अनलाईन प्रणालीमा लैजान लागिएको, पोखराको यातायात कार्यालयमा सवारी चालक अनुमति पत्रको ट्रायल परिक्षा बिहान ८.३० बजेदेखि सञ्चालन गरिएको, सवारी चालक अनुमति पत्र कार्यालय पोखरामा सेवाग्राहीलाई खानेपानीको व्यवस्था मिलाइएको मन्त्री जुग्जालीले बताउनुभयो ।

'संघ सरकारसँग समन्वय गरेर प्रदेश सरकार मार्फतनै सवारी साधनको लाइसेन्स छपाई गरि वितरण गर्ने प्रक्रीया अगाडी बढाइएको छ,' उहाँले भन्नुभयो 'यसअघि एक/एक वर्षमा हुने सवारी साधनको प्रदुषणको मापन अहिले छ/छ महिनामा गर्न थालिएको छ । डुम्रे, नवलपुर र बाग्लुङको यातायात कार्यालयलाई डिजिटलाईजेशन गर्ने प्रक्रीया अघि बढेको छ ।'बागलुङको यातायात कार्यालयबाट चार पाङ्ग्रे सवारी साधनको चालक अनुमति पत्रको ट्रायल शुरु गर्न लागिएको मन्त्री जुग्जालीले बताउनुभयो । बागलुङमा चार पाङ्ग्रेको ट्रायल हुँदा पोखरामा सेवाग्राहीको चाप घट्ने, महिनौ पालो पर्खनुपर्ने समस्या हट्ने र धौलागिरी क्षेत्रका सर्वसाधारणलाई सहज हुने मन्त्री जुग्जालीको भनाई थियो । पर्यटकीय नगरी पोखरामा यातायातको प्रदुषण नियन्त्रणका लागि यातायात व्यवसायी र सम्बद्ध निकायसँग छलफलमा रहेको जानकारी गराउदै ट्याक्सी सञ्चालनमा जवरजस्ती लागू गरिएको सिण्डीकेट तोड्न कदम चालिने मन्त्री जुग्जालीले बताउनुभयो । 'यातायात कार्यालयको सेवालाई प्रविधिसँग जोड्ने र प्रदेशमा सञ्चालित पूर्वाधार आयोजनालाई तिब्रताका साथ कार्यान्वयन गरी महशुस हुने गरि उपलब्धीमुलक काम गरिरहेका छौ,' मन्त्री जुग्जालीले भन्नुभयो 'संघ सरकारले गण्डकी प्रदेशमा सञ्चालन गरेका पूर्वाधार आयोजना कार्यान्वयनमा समन्वय र सहजिकरण गरेका छौ । प्रदेश मार्फत सञ्चालित आयोजनाहरुको अवस्था पहिचान गरिसकेका छौ ।' मन्त्री जुग्जालीले बर्खायाममा प्रदेश सरकार मार्फत सञ्चालित सडकमा यातायात अवरोध हुन नदिने प्रतिवद्धता जनाउँदै संघीय सरकारबाट सञ्चालित मध्य पहाडी लोकमार्ग, कालीगण्डकी कोरीडोर, पोखरा-मुग्लीन सडक आयोजना र सडक डिभिजन तथा स्थानीय तहहरुसँग समेत समन्वय गरेको बताउनुभयो । मध्य पहाडी लोकमार्ग अन्तरगत कास्कीको अन्नपूर्ण गाउँपालिका-३ पाउदुरको पहिरोका कारण सिर्जना भएको जाम मन्त्रालय, आयोजना, पूर्वाधार विकास कार्यालय कास्की र अन्नपूर्ण गाउँपालिकाको समन्वयमा बैकल्पिक सडक सञ्चालन गरेर हटाइएको मन्त्री जुग्जालीले संसदलाई जानकारी गराउनुभयो । चार, पाँच लाख बजेटका एउटै जिल्लामा ६ सय आयोजना र जनशक्ति कम हुँदा देखिएको समस्या हुँदा आगामी आर्थिक वर्षको बजेटमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका योजनामा ३० लाखको थ्रेस होल्ड बनाएर नीतिगत सुधारको काम गरेको मन्त्री जुग्जालीको भनाई थियो । प्रदेश सरकार मार्फत सञ्चालित १७ वटा रुग्न आयोजनाका निर्माण कम्पनीको घरौटी जफत गर्ने, आरबिटेशन लगायत प्रक्रीया मार्फत दवाव सिर्जना गरेको जानकारी गराउदै मन्त्री जुग्जालीले काम नगर्ने निर्माण कम्पनीलाई कारबाही गर्ने चेतावनी दिनुभयो । सांसद र सरोकारवालाहरुबाट प्राप्त सुझावले मन्त्रालयका आयोजना कार्यान्वयन र मातहतका कार्यालयको सेवा प्रवाहमा सुधार ल्याउनका लागि सहयोग पुग्ने मन्त्री जुग्जालीको भनाई थियो ।

# पोखराको मासु पसललाई व्यवस्थित गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पोखरा महानगरपालिकाले मासु पसललाई व्यवस्थित गर्न सुरुआत गरेको छ ।

महानगरले मासु पसल सञ्चालनका लागि तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका पसललाई एकै प्रकारका बोर्ड तथा व्यवसाय परिचयपत्र वितरण गरेको हो । महानगरको पशु सेवा शाखाले आइतबार आयोजना गरेको कार्यक्रममा महानगरप्रमुख प्रमुख धनराज आचार्यले व्यवसायीलाई परिचयपत्र प्रदान गर्नुभएको हो ।

पशु सेवा शाखा प्रमुख नवराज अधिकारीले पशुबध तथा मासु जाँच ऐन २०५५, नियमावली २०५७ तथा महानगरको मासु जाँच निर्देशिकाअनुसारको मापदण्ड पालना गरेका ७४ पसललाई परिचपत्र र बोर्ड प्रदान गरिएको बताउनु भयो । उहाँका अनुसार महानगर क्षेत्रमा करिब छ सयको हाराहारीमा ठूला तथा साना मासु व्यवसायी छन् ।

महानगरले पसलको एकरुपताका लागि सबै पसललाई एकै आकार र बनोटको बोर्ड हस्तान्तरण गरेको छ । महानगर प्रमुख आचार्यले पोखरामा अब मापदण्डविपरीतका फ्रेस हाउस बन्द गरिने बताउनुभयो । महानगरबाट अनुमति प्राप्त गरेको पसल हो भनेर चिनाउने गरी बोर्ड प्रदान गरिएकाले मान्यता प्राप्त पसलबाट मात्र मासु खरिद गर्न उहाँले उपभोक्तालाई आग्रहसमेत गर्नुभयो ।

महानगर प्रमुख आचार्यले भन्नुभयो, "अब केही समयपछि महानगरको बोर्ड नभएको पसलमा मासु खरिद विक्री नगर्नका हामी सार्वजनिक सूचना जारी गर्नेछौँ, महानगरबाट मान्यता प्राप्त गरेको र व्यवस्थित पसलमा स्वच्छ र स्वस्थ मासु उपलब्ध गराउनुपर्दछ ।" उहाँले महानगरले पोखरामा व्यवस्थित र सुविधासम्पन्न पशुबधशाला स्थापनाका लागि काम अघि बढाएको जानकारी दिनुभयो ।

महानगर उपप्रमुख मञ्जुदेवी गुरुङले स्वच्छ र सफा मासु खान पाउनु उपभोक्ताको अधिकार भएको बताउनुभयो । उहाँले मापदण्ड पालना नगरेका अन्य पसललाई समेत पूरा गरेर महानगरमा दर्ता भएर परिचपत्र लिन आग्रह गर्नुभयो । पशु सेवा शाखा प्रमुख अधिकारीले मासु पसललाई बोर्ड र व्यावसायिक परिचपत्र वितरणको काम नेपालमै पहिलोपटक सुरु भएको बताउनुभयो । मापदण्ड पूरा नभएका पसल केही दिनको समय दिएर बन्द गराइने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "महागनरले मापदण्डविपरीतलाई बन्द गरेर पालना भएकालाई मात्र सञ्चालन गर्नेछ । बाँकी पसलसमेत केही समयपछि मापदण्ड पालनामा आउने विश्वास लिएका छौँ ।"

यसैगरी महानगरले विभिन्न पाँच विधाका उत्कृष्ट कृषकलाई नगदसहित सम्मान गरेको छ । गाई, भैँसी, कुखुरा, बँगुर र बाख्रा पालनमा उत्कृष्ट कृषकलाई जनही रु १० हजारसहित पुरस्कृत गरिएको महानगरले जनाएको छ । उत्कृष्ट कृषक सम्मान प्राप्त गर्नेमा पोखरा १५ का भैँसीपालक कृषक दीपक तिमिल्सिना, पोखरा-२५ का गाईपालक कृषक घनश्याम तिमिल्सिना, पोखरा-१७ का कुखुरापालक कृषक चन्द्रकान्त बराल, पोखरा-२० का बाख्रापालक कृषक दुर्गाबहादुर गुरुङ र पोखरा-१९ का बङ्गुरपालक कृषक सरस्वती बस्ताकोटी हुनुहुन्छ ।

त्यसैगरी लामो समय कृषि तथा पशुपालनमा लागेकालाई ज्येष्ठ प्रवर्द्धक कृषकको सम्मान प्रदान गरिएको छ । महानगरले पाडीबाच्छी आफैँ हुर्काएर माउ बनाउने पाँच सय कृषकलाई रु तीन हजार र एक हजार पाडीबाच्छी हुकाउनेलाई रु चार हजारका दरले अनुदान उपलब्ध गराइएको छ । महानगर क्षेत्रका अपाङ्गता भएका व्यक्तिलाई रु आठ हजारका दरले ५० जनालाई बाख्रा खरिदका लागि अनुदानसमेत प्रदान गरिएको छ ।

# बजारमा दुर्घटना घटाउन ब्रेकर

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १८ असार



साघुरो अनि ओरालो बजार । दैनिक सयौ मोटरसाइकल र ग्रामिण क्षेत्रमा जिप आवातजावत गर्ने । त्यो हो स्याङजाको तेस्रो ठुलो व्यापारीक केन्द्र गल्याङ । सवारी साधन र मानिसहरुको आवतजावतले अत्यन्तै भिडभाड हुने बजारमा दैनिकजसो दुर्घट्ना हुने । साघुरो अनि ओरालो सडक भएपछि दुर्घट्ना नहुने कुरै भएन । बढ्दो दुर्घट्ना न्युनिकरण गर्न बजारमा ब्रेकर राख्ने काम शुरु गरिएको छ ।

बजारका बिभिन्न ठाउँमा ४० पिस पलाष्टिकका ब्रेकर ५ ठाउँमा राख्ने काम शुरु भएको हो । बजारमा ब्यापारका लागी गाउँवाट बृद्धबृद्धा देखी तन्नेरी सम्मका आउने गर्दछन । त्यसैमा पनि बाईक तथा अटो अत्यन्तै स्पिट चलाएर हिडाल्दा कतै ठुलो मानवीय क्षती हुने हो कि भन्ने चिन्ताले ब्रेकर राखेको आयोजनाका अध्यक्ष रफी खानले बताए । उक्त बजारमा ब्रेकर राख्नका लागी बजारवासीले वडा कार्यालयलाई अनुरोध गरेपछि वडा कार्यालयबाट बजेट बिनियोजन गरी ब्रेकर राखेको खानले बताए । बजारमा ब्रेकर नहुँदा सवारी चालकले जथाभावी चलाउदा दुर्घट्ना हुने डर र त्रासमा सधै बजारवासी रहिरहेका थिए । बजारबासीको माग र आवश्यकतालाई मध्यनजर गरेर ब्रेकर राख्ने बजेट वडाले व्यवस्था मिलाइदिएको वडा अध्यक्ष कृष्णप्रसाद भट्टराईले बताए । जनाताको हक हितका लागी आफु सदैव सेवक रहेको बताउदै वडा अध्यक्ष भट्टराईले भईपरी आउने समस्याको समाधानका लागी वडा कार्यालय सधै तयारी रहने बताए । ब्रेकर राख्न गल्याङ प्रहरी चौकी, गल्याङ उद्योग बाणिज्य संघका अध्यक्ष डोल प्रसाद श्रेष्ठ, समाजसेवी महेन्द्र श्रेष्ठ, गल्याङ ब्याट्मिन्टन क्लवका अध्यक्ष सुरेस सुवेदी, लगायत बजार बासीको सहभागति रहेको थियो । उत्त ब्रेकर राखेपछि बजारमा दुर्घनामा कमी आउने विश्वास बजारवासीको छ ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**रासस**
काठमाडौं, १८ असार

नेपाल आयल निमगले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिले सोमबार राति १२ बजेदेखि लागू हुने गरी डिजेल, पेट्रोल र मट्टितेल तथा हवाई इन्धनको मूल्य घटाएको हो ।

मुलुकको भौगोलिक क्षेत्रलाई तीन वर्गमा विभाजन गरी मूल्य समायोजन गरिएको निगमले जनाएको छ । डिजेल, पेट्रोल र मट्टितेलको मूल्यमा प्रतिलिटर पहिलो वर्गमा सात रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा रु छ र तेस्रो वर्गमा रु पाँचले मूल्य घटाइएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिनुभयो । पहिलो वर्गका क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर एक सय ६७ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका क्षेत्रमा एक सय ६९ र तेस्रो वर्गका क्षेत्रमा एक सय ७० तोकिएको छ । यसअघि पेट्रोलको मूल्य देशभर प्रतिलिटर रु एक सय ७५ थियो ।

# दीगो...

पन्थीले दिगो पर्यटन विकासका लागि नेपाल सरकार र पर्यटन व्यवसायीको सहकार्यमा यहाँका प्राकृतिक संरचना संरक्षण, विभिन्न जातजातिको संस्कृतिको संरक्षणका साथै स्वच्छ वातावरण कायम गर्नेतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

पर्यटन बोर्डका पूर्वसदस्य एवं पर्यटन व्यवसायी टीकाराम सापकोटाले पोखरामा दीगो पर्यटन विकासका लागि पोखराका ताल, गुफा, मठमन्दिर र यहाँको ऐतिहासिक कलात्मकरूपमा बनेका गाउँका घर तथा संस्कृतिको संरक्षण हुनुपर्नेमा जोड दिनुभयो । साथै उहाँले विदेशी पर्यटकलाई पर्यटन व्यवसायीले गर्नुपर्ने व्यवहार पनि नम्र हुनुपर्ने भनाइ राख्नुभयो ।


पर्यटन बोर्डका पूर्वसदस्य तथा पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले यतिबेला पोखरामा भारतीय पर्यटकको सङ्ख्या बढेको जानकारी दिँदै भारतीयले ल्याएको पाँच सयका नोट नसाटिएकै कारण उनीहरू भारतीय पाँच सय नोट पाँच सय नेपाली रूपैयाँमा साट्न बाध्य भएको बताउनुभयो । "यसबाट भारतीय पर्यटकले ठगिएको महसुस गरेका छन्", उहाँले भन्नुभयो ।

पर्यटन व्यवसायी पुष्पराज अधिकारीले तारे होटलका लागि गाउँमा खुलेका होमस्टे घातक बनिरहेको बताउनुभयो । होमस्टेले सस्तोमा विदेशी पाउना राखिदिँदा पोखराका तारे होटल धरापमा परेको उहाँको भनाइ छ । पर्यटन व्यवसायी जमुना पराजुलीले पोखराको दीगो पर्यटन विकासमा पर्यटन व्यवसायमा महिलालाई आकर्षण गर्नुपर्नेमा जोड दिनुभयो । स्वदेशी तथा विदेशी पर्यटको सङ्ख्या वृद्धि गर्न यहाँका पर्यटन व्यवसायीले पर्यटकप्रति गर्ने व्यवहार नरम, अनुशासित र सहयोगी भावनाको हुनुपर्नेमा उहाँको जोड छ । पोखरा तालैतालको सहर भएको र यहाँबाट अन्नपूर्ण तथा धौलागिरि हिमशृङ्खलाको सहजै दृश्यावलोकन गर्न सकिने भएकाले गण्डकी प्रदेशमा दीगो पर्यटन विकास गर्न सजिलो भएको पर्यटन व्यवसायी उमा भण्डारीको भनाइ छ । पर्यटन व्यवसायी वासुदेव त्रिपाठीले दीगो पर्यटन विकासका बारेमा अवधारणा पत्र प्रस्तुत गर्दै पोखराका आकर्षणका रूपमा रहेका नौ वटा ताल, गुफाहरू, प्रसिद्ध मन्दिर, विभिन्न जातिको संस्कृति, वेशभूषा, लोक संस्कृति र वातावरण जोगाउन आवश्यक भएको जानकारी दिनुभयो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरालाई कुरूप बनाउने छुट कसैलाई नभएको बताउनुभयो । पोखराको कृषियोग्य भूमि कङ्क्रिड जङ्गलको रूपमा विकास हुँदा आफू चिन्तित बनेको उहाँको भनाइ थियो ।

पोखराको दीगो पर्यटन विकासका लागि पोखरा अन्तर ष्ट्रिय विमानस्थलको दक्षिणी भागबाट पर्यटकीय क्षेत्र लेकसाइड आउनका लागि रु पाँच अर्बको लागतमा फराकिलो सडक निर्माण कार्य सुरु गरिएको र लेखनाथको तालचोकबाट बेगनास तालसम्म पुग्ने सडक रु एक अर्बमा ठेक्का सम्झौता भइसकेको उहाँले जानकारी दिनुभयो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# अदालतको टकराव

उच्च अदालत पाटनमा कार्यरत नायब सुब्बा र अधिवक्ताबीच भएको घटनाको विवाद चर्किएको छ । सोमबार नेपाल बार एसोसिएसनको आह्वानमा सर्वोच्च बार एसोसियसनसहित काठमाडौं उपत्यकाका कानुन व्यवसायीहरूले प्रदर्शन गरे । सेवा लिन गएका कानुन व्यवसायीमाथि कर्मचारीबाट हातपात भएको तर उल्टै अधिवक्तामाथि झुटा मुद्दा लगाइएको भन्दै अदालतअघि प्रदर्शन गरे ।

कानुन व्यावसायीहरुको प्रदर्शनले सोमबार पनि अदालतहरूका काम प्रभावित हुन पुग्यो । असार १३ गते बुधबार उच्च अदालत पाटनमा कार्यरत नायब सुब्बा प्रेमिका तामाङ र कानुन व्यवसायी अमिर लामिछानेबीचको विवाद भएको थियो । अधिवक्ता लामिछानेले उच्च अदालत पाटनको फाँटमा काम गर्ने तामाङसँग सक्कली मिसिल माग्दा विवाद भएको र हातपात भएको दाबी गरिएको छ । अधिवक्ता लामिछाने १३ गते अदालत परिसरबाट पक्राउ परेका थिए ।नेपाल वार एशोसिएसनले वहस नगर्ने धम्की पछि आइतबार साँझ मात्रै प्रहरी हिरासतबाट साधारण तारेखमा रिहा भए ।

नासु तामाङले अधिवक्ता लामिछानेलाई कारबाहीका लागि अदालतमा पनि निवेदन दिएकी छन् । घटनाबारे दुवै पक्षका फरक-फरक विवरण ल्याएका छन् । कानुन व्यवसायीले कर्मचारीले अधिवक्ता लामिछानेमाथि हातपात गरेपछि प्रतिकार गरेको बताएका छन् । कर्मचारीले भने अधिवक्ता लामिछानेले पहिले कर्मचारी तामाङमाथि कुटपिट गरेको बताएका छन् । शुक्रबारदेखि त्यो विवादले मुद्दाको सुनुवाइ हुनै सकेको छैन ।' अधिवक्ता लामिछाने आदेश हेर्न माग गर्दा कर्मचारीले खाजा खर्च मागेपछि विवाद बढ्दै गएको छ। विवादपछि उच्च अदालत पाटनका कर्मचारी मिलेर २ घण्टा बन्दी बनाएको र जाहेरी लेखेर प्रहरी बोलाइ थुनाएको आरोप कानुन व्यवसायीको छ । कर्मचारीले सांकेतिक हड्ताल गरेर कानुन व्यवसायीलाई कार्वाहीको माग गरेका छनाभट्ट हेर्दा अदालतका कर्मचारी प्रेमिका तामाङ र कानुन व्यवसायी अमिर लामिछानेबीचको विवाद देखिए पनि वकिल र क्याडर न्यायाधीशको विवाद हो । सर्वोच्चका बरिस्ठ न्यायाधीश विश्वम्भर श्रेष्ठ र वारको विवाद हो ।

कानुन व्यवसायीबाट न्यायाधीश बनाउनु हुँदैन भन्दै आएका सर्वोच्चका बरिष्ठ न्यायाधीश श्रेष्ठको बलमा अदालतका कर्मचारीलाई कानुन व्यवसायी विरुद्ध उतारेको आरोप छ। वारले अदालत अघि वरिष्ठतम् अधिवक्ताहरुलाई उतारेर आफ्नो शक्ति प्रदर्शन गरेको छ। नेपाल बार एसोसिएसनले उक्त घटनालाई लिएर ६ बुँदे माग अगाडि सार्दै ती पूरा नभए सोमबारदेखि देशभरका अदालतमा बन्दी प्रत्यक्षीकरणका मुद्दा बाहेकमा बहस पैरवी नगर्ने घोषणा गरेको छ।

बारले अधिवक्ता उक्त घटनाको सीसीटीभी फुटेज सार्वजनिक हुनुपर्ने, घटनाको सत्यतथ्य छानबिन गर्न समिति गठन गर्नुपर्ने, लामिछानेले दिएको जाहेरी दर्ता गर्नुपर्नेलगायतका माग अघि सारेको हो । अदालतका कर्मचारीका संगठनले कानुन व्यवसायीलाई कार्वाहीको लागि दबाब बढाएका छना।न्यायाधीश नियुक्ति गर्दा कर्मचारीबाट गएका न्यायाधीश ,सरकारी वकिल र अदालत तथा न्याय सेवाका कर्मचारीलाई प्राथमिकता दिन माग गरेका छन । न्याय परिषद्मा परेको गाँठो फुकाल्न अदालतका कर्मचारी र कानुन व्यवसायीलाई आमने सामने आउनु उचित होइन ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाव |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सामुदायिक वनमा जडीबुटी खेती

पोखरापत्र संवाददाता
म्याग्दी, १८ असार

म्याग्दीको धौलागिरि गाउँपालिका-१ गुर्जामा सामुदायिक वन समूहले जडीबुटी खेती सुरुआत गरेका छन्।

पिउथिवा सामुदायिक वन उपभोक्ता समूहले गुर्जा नाइलीवाङको करिब १० रोपनी जमिनमा अतिस र सेदकचिनी (खिरौला) जातको जडीबुटी खेती गेका हुन् । समूहका अध्यक्ष तुलसी छन्त्यालले डिभिजन वन कार्यालय म्याग्दीको सहयोगमा एक लाख ३५ हजार अतिस र खिरौलाका बिरुवा रोपेको जानकारी दिनुभयो । समूहमा आबद्ध २५ जनाले सामूहिकरुपमा श्रमदान गरेर बाँध्रो जमिन खनजोत गरेर बिरुवा रोपेका हुन् । जडीबुटीको संरक्षणका लागि स्थानीय प्रविधिको प्रयोग गरेर ढुङ्गाको एक सय पाँच मिटर लामो पर्खाल निर्माण भएको छ । डिभिजन वन कार्यालय म्याग्दीका सहायक वन अधिकृत नरबहादुर क्षेत्रीले चालु आर्थिक वर्ष २०७९/८० मा जडीबुटी खेतीका लागि रु चार लाख असी हजार सहयोग गरेको जानकारी दिनुभयो । "उपभोक्ताले कूल लागतको दश प्रतिशत लागत साझेदारी गरेका छन्", उहाँले भन्नुभयो "प्राकृतिकरुपमा रहेका जडीबुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रममार्फत सहयोग गरिएको हो ।" यसअघि परीक्षणका लागि गरिएको जडीबुटी खेती सफल भएपछि व्यावसायिक खेति विस्तार भएको हो । धौलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष भक्कबहादुर छन्त्यालले बाँफिएको खेतीयोग्य जमिनको सदुपयोग,संरक्षणरस्थानीयवासीको आयआर्जन सुधारका लागि जडीबुटी खेती विस्तार गरिएको जानकारी दिनुभयो । "यसअघि गरिएको खेती सफल भयो । यहाँको भूगोल र हावापानी जडीबुटी खेतीका लागि अनुकूल छ", उहाँले भन्नुभयो, "बाँफिएको खेतीयोग्य जमिनको संरक्षण र सदुपयोग पनि भएको छ ।" विसं २०७७ मा ७ हजार बिसजरा जातको जडीबुटीका बिरुवा रोपेका थिए । विसं २०७८ मा हिमाली कृषि सहकारी संस्थामा आबद्ध कृषकले दुई रोपनी जगगामा अतिसका बिरुवा रोपेका थिए । बजारमा अतिस, खिरौला र बिसजराको माग उच्च छ ।


**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. १३ उज्वल टोलमा सगुन परियार सेवा समाजको भवन निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : सगुन परियार सेवा समाजको भवन निर्माण
**उपभोक्ता समिति**: सगुन परियार सेवा समाजको भवन निर्माण उपभोक्ता समिति, पोखरा-१३
**योजना सम्झौता मिति**: २०८०/०१/१२ गते
**योजना सुरु मिति** : २०८०/०१/१३ गते
**योजना सम्पन्न हुने मिति** : २०८०/०२/२० गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/१५ गते
**महानगरपालिकाबाट** : रु. २०,००,०००/-
**जनसहभागिता** : रु.३,५२,९४१/-
**जम्मा लागत** : रु.२३,५२,९४१/-

**दुर्गे परियार**
**अध्यक्ष**
**सगुन परियार सेवा समाजको भवन निर्माण उपभोक्ता समिति, पोखरा-१३, कास्की**



**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं १३ स्थित वि.पि. मार्ग 'ख' समिको चौतारा निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः वि.पि. मार्ग 'ख' समिको चौतरा निर्माण
ठेगानाः पेखरा-१३, कास्की
योजना सम्झौता मिति : २०८०/०१/१९ गते
योजना शुरु हुने मिति : २०८०/०१/२० गते
योजना सम्पन्न हुने मितिः २०८०/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१४ गते
योजनाको कुल लागत : रु. ३,००,०००/-
महानगरपालिकाबाट : रु. ३,००,०००/-

अध्यक्षः सम्मर बहादुर श्रेष्ठ
वि.पि. मार्ग 'ख' टोल विकास संस्था
बजिरमान श्रेष्ठ अध्यक्ष
**वि.पि. मार्ग "ख" समिको चौतरा निर्माण उपभोक्ता समिति पोखरा-१३, कास्की**



**विमा लेख हरायो**

नेपाल लाइफ इन्स्योरेन्स कं. लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हेम्जादेखि महेन्द्रपुल आउनेक्रममा हराएको हुँदा फेला पार्नुहने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।
**नामः जीवन बहादुर थापा**
**ठेगानाः पोखरा-२५, हेम्जा**
**विमा लेख नं. : १३०००९७९७**
**सम्पर्क : नेपाल लाइफ इन्स्योरेन्स कं. लिमिटेड**
**फोनः ९८४६०४६५७९**


# 'डायलासिस' उपकरण व्यवस्था मिलाउन माग

पोखरापत्र संवाददाता
दमौली, १८ असार

तनहुँका आँबुखैरेनी अस्पतालमा 'डायलासिस' उपकरण व्यवस्थाका लागि नेपाली काग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको ध्यानाकर्षण गराइएको छ । आँबुखैरेनी गाउँपालिका-३ का वडाध्यक्ष दिनेश केसीले आइतबार काग्रेस सभापति देउवालाई भेट गर्नुभइ सो आग्रह गर्नुभएको हो ।

सो अवसरमा वडाध्यक्ष केसीले अस्पतालमा रक्त सञ्चारका लागि पनि आवश्यक उपकरणको व्यवस्था मिलाउन पहल गरिदिन सभापति देउवालाई आग्रह गर्नुभएको थियो । सभापति देउवाले अस्पतालका लागि डायलासिस उपकरण व्यवस्थाका लागि स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतलाई आग्रह गर्ने जानकारी दिनुभएको वडाध्यक्ष केसीले बताउनुभयो । आँबुखैरेनी गाउँपालिकाले आगामी आव २०८०/८१ मा अस्पतालमै डायलासिस सेवा सुरु गर्ने जनाएको छ । यसका लागि गाउँपालिकाले नीति तथा कार्यक्रममै यसलाई उल्लेख गरेको छ। गाउँपालिकाभित्र करिब २५ मिर्गौला पीडित रहेकाले उनीहरूलाई सहजरूपमा सेवा दिन अस्पतालमा डायलासिस सेन्टर स्थापना गरिने गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँका मिर्गौला बिरामीहरू भरतपुर, दमौली, पोखरासम्म पुगेर डायलासिस गर्नुपर्ने बाध्यता छ। तैपनि भनेको बेला समय नपाउँदा उहाँहरूलाई निकै दुःख भइरहेको छ । त्यस्तो अवस्थाका अन्त्यका लागि आगामी आर्थिक वर्ष आँबुखैरेनीमा नै यो सेवा दिनेछौं ।"

हाल तनहुँमा दमौली अस्पतालमा मात्रै डायलासिस उपकरण सञ्चालनमा छ । मिर्गौला पीडितको सङ्ख्या बढेसँगै यहाँ सेवा लिनका लागि पालो पर्खनुपर्ने अवस्था छ । दमौली अस्पतालमा ११ उपकरण रहेकामा बिग्रिए हाल चार वटाले मात्रै सेवा दिइरहेको छ । उपकरण थोरै हुँदा मिर्गौला पीडितलाई डायलासिसका लागि समस्या हुने गरेको छ । स्वास्थ्य मन्त्रालयले दमौली अस्पताललाई दुई नयाँ उपकरण पठाएको छ । प्रदेश सरकारमार्फत दमौली अस्पतालमा दुई उपकरण आइपुगे पनि जडान हुन बाँकी रहेको छ । चारवटा उपकरण सञ्चालनमा हुँदा दैनिक १६ जनाले मात्रै सेवा पाउने अवस्था रहेको केन्द्रका प्रमुख शैलेन्द्र पण्डितले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्रमा हाल डायलासिस सेवा लिने कूल सङ्ख्या ५० जना रहेका छन् । तर अझै ३० मिर्गौला पीडित डायलासिसका लागि पालो पर्खिँदै छन् । गाउँपालिकाले आँबुखैरेनी अस्पतालको स्तरोन्नतिलाई प्राथमिकतामा राखेको छ । आगामी आर्थिक वर्षमा अस्पतालबाट शल्यक्रिया सेवा सुरु गरिने पालिका अध्यक्ष चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, "ठूला शल्यक्रिया गर्नुपरेमा महिना एक पटक विशेषज्ञ चिकित्सक ल्याएर सेवा दिइनेछ । केही शल्यक्रिया भने नियमितरूपमा अस्पतालमै हुनेछ ।" गाउँपालिकाले जनतासँग स्वास्थ्य कार्यक्रममार्फत ज्येष्ठ नागरिकलाई महिनाको एकपटक घरमै पुगेर सेवा प्रदान गर्ने नीति लिएको छ । अध्यक्ष चुमानले महिलाको प्रजनन् स्वास्थ्य, पाठेघर क्यान्सर परीक्षण कार्यक्रमलाई जोड दिइएको बताउनुभयो । गाउँपालिकाभित्रका सर्वसाधारणलाई क्यान्सर रोग लागेमा रु ५० हजार आर्थिक सहायता दिने कार्यक्रमलाई आगामी वर्षमा निरन्तरता दिइएको उहाँले उल्लेख गर्नुभयो ।

# वृद्धाश्रमले गरिदियो गंगाकुमारीको चौरासी पूजा

पोखरापत्र संवाददाता
वालिङ, १८ असार

वृद्धाश्रममा बस्दै आउनुभएकी गङ्गाकुमारीको चौरासी पूजा वृद्धाश्रमले गरिदिएको छ । स्याङ्जाको गल्याङ नगरपालिका-१ रामनदीधाममा रहेको शिवपार्वती वृद्धाश्रम तथा बहुउद्देश्यीय संस्थाले पर्वत पैयूँकी गङ्गाकुमारी क्षेत्रीको आज गुरु पूर्णिमाका दिन चौरासी पूजा गरिदिएको हो ।

घर परिवारका सदस्य कोही पनि नभएपछि विगत सात वर्षदेखि वृद्धाश्रममा बस्दै आउनुभएकी आमाको संस्थाले विधिपूर्वक चौरासी पूजा गरेको कर्ता एवं संस्थाका अध्यक्ष कविता तिवारी गैरेले बताउनुभयो । "परिवारविहीन हुनुभएकी आमा लामो समयदेखि वृद्धाश्रममा बस्दै आउनुभएको थियो, उहाँ आफ्नै परिवारकै सदस्य जस्तो हुनुभयो", उहाँले भन्नुभयो, "वृद्धवृद्धा समाजका गहना र अभिभावकसमेत भएकाले सम्मानस्वरूप विधिपूर्वक पूजा गरिदिएका हौं ।" वृद्धाश्रममा बस्दै आउनुभएकी आमालाई छोराछोरीले गरिदिने कर्म पूरा गरेको उहाँले बताउनुभयो । "जो कोहीको चौरासी पूजा गर्न सकिँदैन र पाइँदैन पनि", उहाँले भन्नुभयो, "यो हाम्रा लागि एउटा अवसर हो, पुण्य कर्म पनि हो ।" वृद्धा क्षेत्रीको तुलादान गर्दाको रकम रामनदीधाम संस्कृत गुरुकुलममा सहयोग गरिएको छ । आफ्नो घर परिवारका सदस्य कोही पनि नभएपछि सात वर्ष अघिदेखि वृद्धाश्रमको साहारामा जीवन बिताउँदै आएको वृद्ध क्षेत्रीले बताउनुभयो । "छोराछोरी भएनन्, श्रीमान्को मृत्यु भएपछि वृद्धाश्रममा आएर बस्न थालें", क्षेत्रीले भन्नुभयो, "वृद्धाश्रम सञ्चालन गर्ने समिति अनि वृद्धाश्रममा बस्ने वृद्धवृद्धा सबै आफ्नै परिवार जस्तै लाग्न थाल्यो, एक्लोपनको महसुस भुल्दै गएँ ।" उहाँले चौरासी पूजा गर्ने आफ्नो इच्छा वृद्धाश्रमले पूरा गरिदिएकोमा खुसी लागेको बताउनुभयो । "आफ्नो कोही नहुँदा पनि वृद्धाश्रमले आफ्नै परिवारभित्रको सदस्य ठानेर पूजाआजा गरिदिएको छ, यसलाई कसरी बयान गरौं खोई ?", उहाँले भन्नुभयो । वृद्धाश्रममा हाल विभिन्न जिल्लाका २२ जना वृद्धवृद्धा बस्दै आउनुभएको छ । स्याङ्जाको वालिङ-१० भकुण्डेमा प्रधान कार्यालय रहेको शिवपार्वती वृद्धाश्रम तथा बहुउद्देश्यीय संस्थाले रामनदीधाममा वृद्धाश्रम सञ्चालनमा ल्याएको छ ।

# तनहुँमा ६७ जातजाति, ४१ मातृभाषा

पोखरापत्र संवाददाता
दमौली, १८ असार

तनहुँमा ६७ जातजाति पहिचान भएका छन् । एक दशकमा जिल्लामा सात जातजाति थपिएका छन् ।

विसं २०७८ को जनगणनाको जिल्लास्तरीय नतिजा सार्वजनिक गर्न आज दमौलीमा आयोजित कार्यक्रममा तथ्याङ्क कार्यालयका निर्देशक जुगलाल बस्यालले २०६८ सालको जनगणनामा जिल्लामा ६० जातजाति रहेका जानकारी दिनुभयो । जिल्लामा मगर, क्षेत्री, ब्राह्मण, गुरुङ, विश्वकर्मा, नेवार, मिजार, परियार, कुमाल, ठकुरी, मुसलमान, बोटे, सन्यासी, दुरा, राई, सुनुवार, माझी, घले, गाइने, यादव, कमार, खवास, थकाली, बरामलगायतका जातजाति गणनाका क्रममा पहिचान भएको उहाँले बताउनुभयो । तनहुँको कूल जनसङ्ख्या तीन लाख २१ हजार एक सय ५३ छ । यसमा महिला एक लाख ७१ हजार ५९ र पुरुष एक लाख ५० हजार ९४ रहेका छन् । सबैभन्दा बढी मगरको सङ्ख्या रहेको छ । तथ्याङ्क अनुसार मगरको जनसङ्ख्या ८३ हजार छ सय ३९, क्षेत्री ३६ हजार आठ सय ३३, ब्राम्हण ३६ हजार छ सय ७२ र गुरुङ ३५ हजार एक सय ८४ रहेका छन् । सबैभन्दा कम राजपुतको जनसङ्ख्या नौ रहेको छ । त्यस्तै कायस्थ ११, कोचे १२, लोहरुङ १३, धिमाल १३, भूमिहार १४ र छन्त्यालको जनसङ्ख्या १५ रहेको बस्यालले जानकारी दिनुभयो ।

तनहुँमा ४१ मातृभाषा पहिचान भएका छन् । विसं २०६८ को जनगणना अनुसार २८ मातृभाषा रहेकामा एक दशकको अवधिमा १३ मातृभाषा थपिएका छन् । सबैभन्दा बढी बोल्ने नेपाली (६२.७ प्रतिशत) रहेका छन् ।


**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं १७ स्थित सहिद पार्क भित्र सार्वजनिक शौचालय निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः सहिद पार्क भित्र सार्वजनिक शौचालय निर्माण
ठेगानाः पेखरा-१७, कास्की
योजना सुरु मिति : २०८०/०२/१ गते
योजना सम्पन्न मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु. १८,७०,०००/-
महानगरपालिकाबाट : रु. १७,००,०००/-
उपभोक्ताबाटः रु. १,७०,०००/-
उपभोक्ता समिति अध्यक्ष : विष्णु सुवेदी

**सहिद पार्क भित्र सार्वजनिक शौचालय निर्माण उपभोक्ता समिति पोखरा-१७, कास्की**

# गल्याङ नगर अस्पतालमा सेवाग्राहीको चाप बढ्दै

**पोखरापत्र संवाददाता**
गल्याङ, १८ असार

स्याङ्जाको गल्याङ नगरपालिका-३ बल्पुकस्थित गल्याङ नगर अस्पतालमा पछिल्लो समय सेवाग्राहीको चाप बढ्दै जान थालेको छ।

व्यवस्थापनमा सुधार, नगरपालिकाको नियमित अनुगमन, नयाँ सेवा विस्तार, स्वास्थ्यकर्मीको उत्कृष्ट सेवा, स्थानीय नागरिकको विशेष निगरानी हुन थालेपछि १५ शय्याको नगर अस्पतालमा बिरामीको चाप बढ्दै जान थालेको हो । अघिल्लो आर्थिक वर्षका तुलनामा चालु आवमा झण्डै दोब्बरले बिरामीको सङ्ख्या बढेको अस्पतालका प्रमुख गुनेन्द्र रानाले जानकारी दिनुभयो । "अघिल्लो आवमा १३ हजार बिरामीले सेवा लिएका थिए", उहाँले भन्नुभयो, "चालु आवमा व्यवस्थापन पक्षमा सुधार भएकाले र सेवा विस्तार भएकाले अस्पतालमा आउने सेवाग्राहीको सङ्ख्यामा वृद्धि भएको छ ।" चालु आवमा बीमातर्फका २१ हजार बिरामीले सेवा लिएका छन् । हाल अस्पतालमा २४ सैं घण्टा आकस्मिक सेवा, पेट, छाती, मुटु, ग्याष्ट्रिक, यौन, छाला, नशा, हाडजोर्नी, बाथरोग, नाक, कान, घाँटी, स्त्री रोग, बाल रोग, नेबुलाइजर, सामान्य चिरफार, दन्तरोग, ल्याब, एक्सरे, भिडियो एक्सरे, अक्सिजन, फार्मेसी सेवा, रिफर, बीमा, एम्बुलेन्सलगायतका सेवा उपलब्ध छन् । यहाँ सेवा लिनका लागि गल्याङ, वालिङ, चापकोट, कालीगण्डकी, पाल्पाको रम्भा, वगनासकाली, गुल्मीको कालीगण्डकी, पर्वतको बिहादीलगायतका स्थानीयतहबाट बिरामी उपचारका लागि आउने गरेका छन् । गल्याङ नगरपालिकाको उपचारको प्रमुख गन्तव्य यो अस्पताल २०७६ सालमा स्थापना भएको थियो । लामो समय घाटामा सञ्चालित नगर अस्पताल गल्याङ नगरपालिकाको आर्थिक अनुदानमा प्रसासनिक खर्च धानिँदै आएको थियो । गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले प्रशासनिक खर्चका लागि अघिल्लो वर्ष नगरपालिकाले अस्पताललाई रु ७२ लाख सहयोग गरेको बताउनुभयो । "भौतिक संरचना निर्माणका लागि बाहेक यस बर्ष कुनै प्रकारको आर्थिक सहयोग गर्न परेको छैन", उहाँले भन्नुभयो, "व्यवस्थापकीय पक्षमा सुधार गरेपछि अस्पतालमा आर्थिक अनुसासन बढेको छ, अस्पतालको खातामा रकम पनि जम्मा हुन थालेको छ।"

नगर प्रमुख भट्टराईले निकट भविष्यमा अस्पतालमा प्रसूति सेवा, आँखा जाँच तथा उपचार सेवा विस्तार गरिने बताउनुभयो । "अस्पतालले दिएको सुविधा विश्वासनीय र गुणस्तरीय छ भन्ने धेरैले महसुस गरेका छन्", उहाँले थप्नुभयो, "यहाँका नागरिकलाई स्तरीय सुविधा दिने नगरपालिकाको दायित्व भएकाले अस्पतालको क्षमता वृद्धि गर्ने योजनामा छौँ ।" भट्टराईले नगर अस्पतालमा विशेषज्ञ डाक्टर ल्याउनको लागि पहलसमेत भइरहेको बताउनुभयो ।

नगर अस्पताललाई ट्रमा सेन्टरको रुपमा आधुनिक र विशिष्टिकृत अस्पतालको रुपमा विकास गर्ने योजना रहेको उहाँको भनाइ छ। गल्याङ नगर अस्पतालकी लाभग्राही प्रतिमा भट्टराई बस्यालले अस्पतालले गुणस्तीय सुविधा दिन थालेपछि उपचारका लागि पाल्पा पोखरा जानुपर्ने बाध्यता हटेको बताउनुभयो ।

"नगर अस्पताले दिने स्त्री रोगसम्बन्धी सेवाका हामी महिलालाई राहात मिलेको छ", उहाँले भन्नुभयो, "नगर अस्पतालले सञ्चालन गर्ने धुम्ती शिविरमा पनि धेरै महिलाले आफ्नो समस्या बताएर उपचार गराएका छन्, जसले गर्दा महिला जटिल समस्या भोग्नवाट बच्न सकेका छन् ।" अर्का लाभग्राही कमल भण्डारीले अस्पतालको व्यवस्थापकीय पक्ष अझै अपुग भएको बताउनुभयो । बिरामी जाँच्ने कोठा पटकपटक स्थान्तरण गरिएको भन्दै एकै ठाउँमा राख्न सुझाव दिनुभयो । बिरामी कुर्ने ठाउँमा नगर अस्पतालले पङ्खाको व्यवस्था गरिदिन पनि उहाँको आग्रह छ । हाल अस्पतालमा दुई जनरल फिजिसियन, तीन इमर्जेन्सी हेल्थ अस्टिेन, तीन ल्याब टेक्निसियन, एक एक्सरे रेडियोग्राफरसहित ३० कर्मचारी कार्यरत छन् ।

# तनहुँका दुई स्थानीय तहको बजेट पारित

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ असार

तनहुँका दश स्थानीय तहमध्ये दुई स्थानीय तहले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम पारित गरेका छन् ।

असार १० गते एकै दिन चार नगरपालिका र छ गाउँपालिकाले बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेकामा भिमाद नगरपालिका र म्याग्दे गाउँपालिकाले बजेट पारित गरेका छन् । अन्य आठ स्थानीय तहको बजेट पारित हुन बाँकी छ ।

भिमाद नगरपालिकाले आगामी वर्षका लागि रु ६३ करोड ८९ लाख ५६ हजार आठ सय ७० को बजेट पारित गरेको छ । पारित बजेटमध्ये चालुतर्फ रु ४३ करोड ९८ लाख ५६ हजार र पूँजीगततर्फ रु १९ करोड ९१ लाख विनियोजन गरिएको छ । नगरपालिकाका उपप्रमुख शारदा खनालका अनुसार सामाजिक विकासतर्फ ३४ करोड ६३ लाख, पूर्वाधार विकासतर्फ रु १३ करोड ३७ लाख, सुशासन तथा अन्तरिकतर्फ रु एक करोड ३२ लाख र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रु १० करोड ८९ लाख विनियोजन गरिएको छ ।

आम्दानीतर्फ आन्तरिक स्रोतबाट रु एक करोड ८० लाख, राजस्व बाँडफाँटबाट रु १३ करोड ५० लाख ३५ हजार सात सय, अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु ४४ करोड ७९ लाख १३ हजार, प्रदेश सरकारमार्फत रु दुई करोड ८७ लाख १३ हजार आम्दानी हुने अनुमान गरिएको छ । नगरपालिकाले कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर नीति, कार्यक्रम र बजेट बनाएको नगरप्रमुख दधिराज सुवेदीले जानकारी दिनुभयो ।

म्याग्दे गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु ५५ करोड ५३ लाख ५० हजारको बजेट पारित गरेको छ । गाउँपालिकाले चालुतर्फ रु २१ करोड ५३ लाख ८५ हजार र पूँजीगततर्फ रु ३२ करोड ५७ लाख ८२ हजार बजेट विनियोजन गरेको उपाध्यक्ष बालकृष्ण घिमिरेले जानकारी दिनुभयो । जसमध्ये चालुतर्फ ३८ दशमलव ७८ प्रतिशत र पूँजीगततर्फ ५८ दशमलव ६६ प्रतिशत बजेट विनियोजन गरिएको छ । गाउँपालिकाले चालुतर्फभन्दा विकासतर्फ प्राथमिकताका साथ बजेट विनियोजन गरेको छ ।

आम्दानीतर्फ सङ्घीय सरकारबाट वित्तीय समानीकरणबाट रु नौ करोड, ससर्त अनुदानबाट रु ८० लाख, राजस्व बाँडफाँडबाट रु ३२ लाख, विशेष अनुदानबाट रु एक करोड पाँच लाख, समानीकरणबाट रु ५० लाख प्राप्त हुने अनुमान गरिएको छ । गण्डकी प्रदेश सरकारबाट वित्तीय समानीकरणबाट रु एक करोड २१ लाख, राजस्व बाँडफाँडबाट रु ४० लाख, विशेष अनुदानबाट रु ५० लाख, ससर्त अनुदानबाट रु एक करोड प्राप्त हुने अनुमान गरिएको छ । गाउँपालिकाको आन्तरिक आम्दानीबाट रु सात करोड ४२ लाख हुने अनुमान गरिएको छ ।

गाउँपालिकाले पूर्वाधार विकासतर्फ रु १८ करोड ३६ लाख, आर्थिक विकासतर्फ रु चार करोड ५५ लाख, सामाजिक विकासतर्फ रु १९ करोड ६१ लाख ८५ हजार, वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ रु एक करोड, सुशासन र संस्थागत विकासतर्फ रु ११ करोड बजेट विनियोजन गरेको छ । समृद्ध गाउँपालिका निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको बजेटको सबै पक्षबाट कार्यान्वयनमा सहयोग हुने घिमिरेले बताउनुभयो । जिल्लाका दश पालिकाले रु सात अर्ब ७५ करोड ७० लाख ६७ हजार तीन सय ७० को बजेट ल्याएका छन् ।

## पेन्सन पट्टा हरायो

**मिति २०८०/२/५ गते मिर्दिदेखि भकुण्डे तर्फ जादै गर्दा निम्न व्यहोराको पेन्सनपट्टा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तपसिल बमोजिम ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।**

**नाम : खेमबहादुर बराल**
**ठेगाना : वालिङ–६ मिर्दि, स्याङ्जा**
**पल्टन नं. : 5347112 Y**
**पल्टन : ¾ GR**
**पट्टा नम्वर : T/S 176631**
**दर्जा : नायक**
**सम्पर्क फोन नं. : ९८०६७९९११७**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १७ स्थित रिद्धी सिद्धी मार्ग फुस्रेखोला खेल मैदान बाँकी बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः रिद्धी सिद्धी मार्ग फुस्रेखोला खेल मैदान बाँकी बाटो ढलान
ठेगानाः पेखरा-१७, कास्की
योजना सुरु मिति : २०८०/०२/१० गते
योजना सम्पन्न मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु. २६,५८,७५५/-
महानगरपालिकाबाट : रु. २२,६०,०००/-
उपभोक्ताबाटः रु. ३,९८,७५५/-
उपभोक्ता समिति अध्यक्ष : होम बहादुर कुँवर

**रिद्धी सिद्धी मार्ग फुस्रेखोला खेल मैदान बाँकी बाटो ढलान उपभोक्ता समिति पोखरा-१७, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ आर्वा विजयपुर खाम घले डिकी गाउँ सडक स्तर उन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : आर्वा विजयपुर खाम घले डिकी गाउँ सडक स्तर उन्नती
**उपभोक्ता समिति**: आर्वा विजयपुर खाम घले डिकी गाउँ सडक स्तर उन्नती उपभोक्ता समिति, पोखरा-१३
**योजना सम्झौता मिति**: २०८०/०२/०८ गते
**योजना सुरु मिति** : २०८०/०२/०९ गते
**योजना सम्पन्न मिति** : २०८०/०३/१० गते
**महानगरपालिकाबाट** : रु. ५०,००,०००/-
**जनसहभागिता** : रु.५,५५,५५५/-
**जम्मा लागत** : रु.५५,५५,५५५/-

**तिलक बहादुर गुरुङ**
**अध्यक्ष**
**आर्वा विजयपुर खाम घले डिकी गाउँ सडक स्तर उन्नती उपभोक्ता समिति**
**पोखरा-१३, कास्की**

# सामुदायिक वनमा जडीबुटी खेती

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ असार

म्याग्दीको धौलागिरि गाउँपालिका-१ गुर्जामा सामुदायिक वन समूहले जडीबुटी खेती सुरुआत गरेका छन् ।

पिउथिवा सामुदायिक वन उपभोक्ता समूहले गुर्जा नाइलीवाङको करिब १० रोपनी जमिनमा अतिस र सेदकचिनी (खिरौला) जातको जडीबुटी खेती गेका हुन् । समूहका अध्यक्ष तुलसी छन्त्यालले डिभिजन वन कार्यालय म्याग्दीको सहयोगमा एक लाख ३५ हजार अतिस र खिरौलाका बिरुवा रोपेको जानकारी दिनुभयो । समूहमा आबद्ध २५ जनाले सामूहिकरुपमा श्रमदान गरेर बाँझो जमिन खनजोत गरेर बिरुवा रोपेका हुन् । जडीबुटीको संरक्षणका लागि स्थानीय प्रविधिको प्रयोग गरेर ढुङ्गाको एक सय पाँच मिटर लामो पर्खाल निर्माण भएको छ । डिभिजन वन कार्यालय म्याग्दीका सहायक वन अधिकृत नरबहादुर क्षेत्रीले चालु आर्थिक वर्ष २०७९/८० मा जडीबुटी खेतीका लागि रु चार लाख असी हजार सहयोग गरेको जानकारी दिनुभयो । "उपभोक्ताले कूल लागतको दश प्रतिशत लागत साझेदारी गरेका छन्", उहाँले भन्नुभयो "प्राकृतिकरुपमा रहेका जडीबुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रममार्फत सहयोग गरिएको हो ।" यसअघि परीक्षणका लागि गरिएको जडीबुटी खेती सफल भएपछि व्यावसायिक खेति विस्तार भएको हो । धौलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बाँझिएको खेतीयोग्य जमिनको सदुपयोग, संरक्षण र स्थानीयवासीको आयआर्जन सुधारका लागि जडीबुटी खेती विस्तार गरिएको जानकारी दिनुभयो । "यसअघि गरिएको खेती सफल भयो । यहाँको भूगोल र हावापानी जडीबुटी खेतीका लागि अनुकूल छ", उहाँले भन्नुभयो, "बाँझिएको खेतीयोग्य जमिनको संरक्षण र सदुपयोग पनि भएको छ ।" विसं २०७७ मा ७ हजार बिसजरा जातको जडीबुटीका बिरुवा रोपेका थिए । विसं २०७८ मा हिमाली कृषि सहकारी संस्थामा आबद्ध कृषकले दुई रोपनी जग्गामा अतिसका बिरुवा रोपेका थिए । बजारमा अतिस, खिरौला र बिसजराको माग उच्च छ । समुद्री सतहदेखि तीन हजार दुई सयदेखि तीन हजार सात सय मिटरको भूगोलमा हुने अतिस कफ, पित्त थैली, ज्वरो, वान्ता हुने, पखला लाग्ने, चिसो लागेको समस्या समाधानका लागि प्रयोग हुन्छ । यसले अपच हुने, शरीरको विभिन्न भागको दुखाइ, उत्तेजना नहुने, जुकाजस्ता समस्या समाधानको लागि पनि महत्वपूर्ण उपचार पद्धतिको रुपमा अतिस प्रयोग हुन्छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ९ स्थित साँघुमुखमा महेन्द्रपुलबाट पार्क जाने बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः महेन्द्रपुलबाट पार्क जाने बाटो निर्माण
ठेगानाः पेखरा-९, कास्की
योजना सम्झौता मिति : २०८०/०२/२१ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१३ गते
योजनाको कुल लागत : रु. ५,५६,०००/-
महानगरपालिकाबाट : रु. ५,००,०००/-
जनसहभागिताबाटः रु ५६,०००/-
जम्मा खर्चः रु.४,७३,०८१/-

उपभोक्ता समिति अध्यक्षः रामहरि पौडेल
उपभोक्ता समिति सदस्यः ९ जना महिला सदस्यः ३ जना

**महेन्द्रपुलबाट पार्क जाने बाटो निर्माण उपभोक्ता समिति पोखरा-९, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ मा मनोहर युवा क्लबको भवन निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : मनोहर युवा क्लबको भवन निर्माण
**उपभोक्ता समिति**: मनोहर युवा क्लब, पोखरा-१४
**योजना सम्झौता मिति** : २०८०/०१/२४ गते
**योजना सुरु मिति** : २०८०/०१/२५ गते
**योजना सम्पन्न मिति** : २०८०/०३/१८ गते
**महानगरपालिकाबाट** : रु. ७,५०,०००/-
**जनसहभागिता** : रु.८४,१९८/२५
**जम्मा लागत** : रु. ८,३४,१९८/२५

**अध्यक्ष**: दिपेन्द्र केसी
**उपाध्यक्ष** : अन्जन केसी
**सचिव**: रवि पराजुली
**कोषाध्यक्ष** : शैलेश वानियाँ
**सदस्यहरु**: महेश वानिया र दिपा थापा

# नेपाल एसीसी यू-१६ पूर्वी क्षेत्रीय कप क्रिकेटको फाइनलमा

**रासस**
काठमाडौं, १८ असार

नेपाल एसीसी यू-१६ पूर्वी क्षेत्रीय कप क्रिकेटको फाइनलमा प्रवेश गरेको छ । सिङ्गापुरलाई ९७ रनले पराजित गर्दै नेपालले उपाधि भिडन्त पक्का गरेको हो । नेपालले अब मङ्गलबार फाइनलमा मलेसियासित खेल्नेछ ।

मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गर्दै नेपालले निर्धारित ५० ओभरको खेलमा ३५ ओभरमा नौ विकेटको क्षतिमा एक सय ८४ रन बनायो । एक सय ८५ रनको विजयी लक्ष्य पछ्याएको सिङ्गापुरले ३१ दशमलव तीन ओभरमा सवै विकेट गुमाउँदै ८७ रन मात्र बनायो । खेलको सुरुआतमा ब्याटिङ गर्ने क्रममा नेपालका लागि ओपनरद्धय सूर्यांशु कोइराला र निरजकुमार यादवले पहिलो विकेटका लागि ६३ रनको साझेदारी निभाए । कोइरालाले ४९ बल खेल्दै छ चौकाको मद्दतमा ४३ रनको योगदान दिए । यस्तै यादवले ४९ बल खेल्ने क्रममा एक छक्का र तीन चौका प्रहार गरी ४२ रन बनाए । यसैगरी अभिषेक तिवारीले २५, सन्तोष यादवले १८, दीप भुजेलले अविजित १२, प्रतिक भट्टराईले १२ र कृतिक कामतले १० रन बनाए । बलिङतर्फ सिङ्गापुरका हरिहरनले तीन तथा हर्ष वेङ्कटरम र कबिर बेर्लियाले दुई/दुई विकेट लिए । एक सय ८५ रनको विजयी लक्ष्य पछ्याउने क्रममा सिङ्गापुरका लागि रोशन रविचन्द्रनले २४, प्रणव धनुकाले १४ र कविर बेर्लियाले ११ रन बनाए । बलिङतर्फ नेपालका कार्तिक कामतले तीन तथा सन्तोष यादव, नरेन भट्ट, अशोक धामी, अभिषेक तिवारी र प्रतिक पोखरेलले एक/एक विकेट लिए ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०३/१८

यस कार्यालयबाट मिति २०७८/११/०८ मा कास्की जिल्ला पोखरा १७ मा संचालन गर्ने गरि आँधीखोला ०६ स्याङ्जा निवासी रिता जिसीको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. २२२३५/०७८/०७९(५४३८) को एस टु ब्रदर्श रेष्टुरेण्ट नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०३/१८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनैपनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**